नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
बबरमहल, काठमाडौं

३७ औं वार्डेन सेमिनार तथा १९ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला आयोजना सम्वन्धी

# प्रेस-विज्ञप्ति

बि.सं. २०३७ सालमा स्थापित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वि.सं २०३८ साल देखि प्रत्येक वर्ष वार्डेन सेमीनार आयोजना गर्दै आएको छ। बि.सं. २०६४ देखि संयुक्त रुपमा संरक्षित क्षेत्रका वार्डेनहरुको वार्डेन सेमिनार तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति/संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का अध्यक्षहरुको भेला सम्वन्धित निकुञ्ज आरक्षमा तैनाथ नेपाली सेनाका गण/गुल्मका गणपति/गुल्मपतिहरुको समेत सहभागितामा नियमित रुपमा गरिंदै आएको छ।

कोभिड १९ को वर्तमान चुनौतीका कारण बन्दाबन्दी भई सवै सहभागीहरुलाई भौतिक रुपमा भेला गरी कार्यक्रम संचालन गर्न सम्भव नभएको अवस्थामा भर्चुअल माध्यमबाट आज ३७ औं वार्डेन सेमिनार तथा १९ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला **"कोभिड महामारीको असरः संरक्षणमा चुनौती र अवसर"** भन्ने मुल नारा सहित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा शुरु भएको छ। यो कार्यक्रम मिति २०७८।३।१० देखि ११ सम्म (दुई दिन) चल्नेछ। यस सेमिनार तथा भेलाको उद्घाटन कार्यक्रम वन तथा वातावरण मन्त्रालयका सचिव डा. पेम नारायण कंडेलज्यूको प्रमुख आतिथ्यता तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा.दीपककुमार खरालको अध्यक्षतामा सम्पन्न भयो। यस उद्घाटन कार्यक्रममा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति तथा नेपाल वन प्राविधिक संघका अध्यक्ष, वन विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय किर्तिपुरका डीन, वन विज्ञान संकाय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, हेटौडाका डीन, नेपाल सरकारका पूर्व सचिव, वन तथा वातावरण मन्त्रालयका सहसचिवहरु, विभागीय प्रमुखहरु, उप-महानिर्देशकहरु, रेड कार्यान्वयन केन्द्र/आयोजनाका प्रमुखहरु, प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका प्रदेश सचिवहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, नेपाली सेनाका निर्देशक, केन्द्रीय अनुसन्धान ब्युरो, नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक र उप-महानिर्देशकहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति राष्ट्रिय संजालका अध्यक्ष, विभागका शाखा प्रमुखहरु, संरक्षित क्षेत्रका प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतहरु, निकुञ्ज तथा आरक्ष सुरक्षार्थ तैनाथ नेपाली सेनाका गणपति/गुल्मपतिहरु, पूर्व प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु, संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का अध्यक्षहरु, संरक्षण साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधि लगायतका महानुभावहरुको सहभागिता रहेको छ ।

नेपालका विभिन्न भौगोलिक क्षेत्रमा अवस्थित संरक्षित क्षेत्रहरुमा कार्यरत कर्मचारी, सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरुका विविध अनुभव, भिन्न क्षेत्रका चुनौती र अवसरहरुको बारेमा ज्ञानको आदानप्रदान गरी वन्यजन्तु तथा जैविक विविधता संरक्षणको क्षेत्रमा भएका समग्र प्रयासहरुको सवै सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने यस भेलाको मुख्य उद्देश्य रहेको छ। साथै प्राकृतिक स्रोतको जगेर्ना गरी भावी सन्ततिका लागि सुरक्षित राख्न यस क्षेत्रमा गर्नुपर्ने नीतिगत तथा संस्थागत सुदृढीकरण, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रमलाई कानुनी रुपमा संस्थागत गर्ने जस्ता विषयमा मार्गदर्शन गर्न यस कार्यक्रम फलदायी हुने अपेक्षा गरिएको छ। धन्यवाद।

..............................
हरिभद्र आचार्य
इकोलोजिष्ट/सूचना अधिकारी
२०७८।३।१०